४. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा (C-ASBA) रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।

५. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।

६. आवेदकले CRN नं. प्राप्त गरे पश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।

७. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्ट्वेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण सँग रुजु हुनु पर्नेछ।

८. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या-अंक र अक्षरमा।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम-अंक र अक्षरमा।

ङ . आवेदकको विप्रेशण (रेमिट्यान्स) खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. ।

च. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।

९. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।

१०. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।

११. धितोपत्र बाँडफाँट गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा विप्रेशण (रेमिट्यान्स्) बचत खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।

१४. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

१५. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जाने गरी २०,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

## ३. सर्वसाधारणको लागि ः

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा (C-ASBA) प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा (C-ASBA) रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्ट्वेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण सँग रुजु हुनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछः

   क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

   घ. आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम ।

   ङ. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा ।

   च. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

   छ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

   झ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँट गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१४. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढी शेयर खरिदका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम २०,००० (बीस हजार) कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिनेछ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण : निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

क. संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको।

ख. आधारभूत शेयरधनी : कारोबार नभएको।

ग. खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको।

घ. संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको।

ङ. संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन।

च. कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : सो नभएको।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी व्यबस्थापन नरहेको।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संस्था नभएको।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण** : सो नभएको।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण :**

**क. लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

**१. लेखापरीक्षकः**

मिति २०८१/०८/०२ को संचालक समितिको निर्णय बमोजिम अ.व. २०८०/८१ को लेखापरीक्षक कार्य गर्न बि लामा एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्टस् लाई नियुक्त गरिएको छ।

मिति २०८० पौष २६ गते को चौथो बार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको आ.व.२०८१/०८२ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षणको लागि श्री बि.लामा एसोसिएटस् चार्टर्ड एकाउन्टेन्टस् लाई नियुक्त गरिएको छ।

२. **प्रमुख बैंकः** यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

३. **निष्काशन बैंक** (Banker to the Issue):

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | श्री हिमालयन बैंक लि.,ठमेल, काठमाण्डौं । | HCL- Bungal Hydro Limited IPO | 01907683140887 |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

४) **वित्तीय प्रक्षेपणको वित्तीय विवरण तयार पार्ने विज्ञः**

यस विवरण–पत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने विज्ञमा बुंगल हाईड्रो लिमिटेड आफै रहेको छ ।

५) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**

यस विवरण–पत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने एस.एस. ए. एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्टस् रहेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :**

**लेखापरीक्षक :** मिति २०८० पौष २६ गते को चौथो बार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको आ.व.२०८१/०८२ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षणको लागि श्री बि.लामा एसोसिएटस् चार्टर्ड एकाउन्टेन्टस् लाई नियुक्त गरिएको छ र सो वापत निजको पारिश्रमिक रु २,५०,०००/- निर्धारण गरिएको छ ।

**निष्काशन बैंक (Banker to the Issue) :** निष्काशन बैंक (Banker to the Issue) सँग गरिएका मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन :

- ❖ संकलन केन्द्रहरुबाट आवेदन फारम वापत जम्मा भएका रकमहरु जम्मा गर्ने ।
- ❖ लगानीकर्ताहरुको रकमको सुरक्षण गर्ने ।

**वित्तीय प्रक्षेपणको वित्तीय विवरण तयार पार्ने विज्ञः**

बुंगल हाईड्रो लिमिटेड आफै रहेकोले कुनै सहमती आवश्यक नरहेको ।

**वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**

एस.एस. ए. एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्टसूलाई वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन तथा प्रमाणिकरण वापत पारिश्रमिक स्वरुप रु २०,०००/- भुक्तानी प्रदान गर्ने सहमति रहेको छ ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

यो परियोजना निर्माणका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाको सम्पन्न गरिएको छ । सो को विवरण यस प्रकारको रहेको छ ।

(रु. लाखमा )

| ऋणको प्रकार | हिमालयन बैंक लि. | प्रभु बैंक लि. | लक्ष्मी सनराइज बैंक लि. | नेपाल इनभेष्टमेन्ट बैंक लि. | जम्मा | ऋण स्वीकृत मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दिर्घकालिन -१ | ६,६००.०० | ३,०००.०० | ३,०००.०० | १,०००.०० | १३,६०० | ६/४/२०१७ | प्रारम्भिक सम्झौता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| चालु पुँजी | ५०० | - | - | - | ५०० | ६/४/२०१७ | प्रारम्भिक सम्झौता |
| दिर्घकालिन -२ | १,४०७.४० | ६३९.७ | ६३९.७ | २१३.२ | २,९०० | ६/३०/२०२१ | पहिलो SSLA |
| अल्पकालिन-३ | ८२५ | - | - | - | ८२५ | ६/३०/२०२१ | पहिलो SSLA |
| अल्पकालिन | २५० | - | - | - | २५० | १/११/२०२४ | दोश्रो SSLA |
| दिर्घकालिन -४ | ३,५३०.०० | - | १,४७०.०० | - | ५,००० | १/११/२०२४ | दोश्रो SSLA |
| अल्पकालिन | ७०० | - | - | - | ७०० | १/१३/२०२४ | तेश्रो Offer Letter |
| अल्पकालिन | ३०० | - | - | - | ३०० | ७/१०/२०२४ | चौथो Offer Letter |
| **जम्मा** | १४,११२.४० | ३,६३९.७० | ५,१०९.७० | १,२१३.२० | २४,०७५.०० | | |

दिर्घकालिन ऋण १ र २ को भुक्तानी अबधि १२ बर्ष रहेको छ यस को ब्याज WACC+ १.५ प्रतिशत रहेको छ। साथै दिर्घकालिन ऋण ४ को भुक्तानी अबधि १८ बर्ष रहेको छ यस को ब्याज WACC+ १.५ प्रतिशत रहेको छ । चालु पुँजी ऋण तथा अल्पकालिन ऋणको ब्याज WACC+ २.० प्रतिशत रहेको छ।

**कम्पनीले २०८१ पौष मसान्तसम्म लिएको कर्जा, कर्जाको भुक्तानी र बक्यौता रकम निम्नानुसार रहेको छ ः**

(रु. लाखमा )

| बैंक तथा वित्तीय संस्थाको नाम | दीर्घकालिन आवधिक कर्जा रकम रु. | अल्पकालिन आवधिक कर्जा रकम रु. | कर्जा भुक्तानी रकम रु. | बक्यौता रकम रु. |
|---|---|---|---|---|
| हिमालयन बैंक लि. | ११,५३७.४० | २,५७५.०० | ९२.८६ | १४,०१९.५४ |
| लक्ष्मी सनराइज बैंक लि. | ५,१०९.७० | | ४२.१८ | ५,०६७.५२ |
| प्रभु बैंक लि. | ३,६३९.७० | | ४१.८१ | ३,५९७.८९ |
| नेपाल इनभेष्टमेन्ट बैंक लि. | १,२१३.२० | | १३.९४ | १,१९९.२६ |
| **जम्मा** | **२१,५००.००** | **२,५७५.००** | **१९०.७९** | **२३,८८४.२१** |

आयोजनाको ऋणको भुक्तानी अबधिको हरेक बर्षको ऋण र ब्याज भुक्तानीको विवरण यस प्रकार रहेको छ।

| बर्ष | जम्मा ऋण भुक्तानी | जम्मा ब्याज भुक्तानी | जम्मा किस्ता रकम | बाँकी ऋण |
|---|---|---|---|---|
| २०८०/८१ | ५,१००.०० | १९०,६७०.२८ | १९५,७७०.२८ | २,१४४,९००.०० |
| २०८१/८२ | ३७,५००.०० | २१२,९८३.७५ | २५०,४८३.७५ | २,१०७,४००.०० |
| २०८२/८३ | ७६,२००.०० | २०७,३८८.७५ | २८३,५८८.७५ | २,०३१,२००.०० |
| २०८३/८४ | ८४,१००.०० | १९९,८१६.२५ | २८३,९१६.२५ | १,९४७,१००.०० |
| २०८४/८५ | १२०,५००.०० | १८९,२४१.२५ | ३०९,७४१.२५ | १,८२६,६००.०० |
| २०८५/८६ | १३१,९००.०० | १७६,९०१.२५ | ३०८,८०१.२५ | १,६९४,७००.०० |
| २०८६/८७ | १४७,१००.०० | १६२,९५३.७५ | ३१०,०५३.७५ | १,५४७,६००.०० |
| २०८७/८८ | १६५,१००.०० | १४७,६१८.७५ | ३१२,७१८.७५ | १,३८२,५००.०० |
| २०८८/८९ | १८४,१००.०० | १३०,५२१.२५ | ३१४,६२१.२५ | १,१९८,४००.०० |
| २०८९/९० | २०९,९००.०० | १११,०३१.२५ | ३२०,९३१.२५ | ९८८,५००.०० |
| २०९०/९१ | २३०,५००.०० | ८९,५८१.२५ | ३२०,०८१.२५ | ७५८,०००.०० |
| २०९१/९२ | २५९,२००.०० | ६५,४१६.२५ | ३२४,६१६.२५ | ४९८,८००.०० |
| २०९२/९३ | ६०,०००.०० | ४७,६३०.०० | १०७,६३०.०० | ४३८,८००.०० |
| २०९३/९४ | ७०,०००.०० | ४१,२५५.०० | १११,२५५.०० | ३६८,८००.०० |
| २०९४/९५ | ८०,०००.०० | ३३,८८०.०० | ११३,८८०.०० | २८८,८००.०० |
| २०९५/९६ | ८०,०००.०० | २५,८८०.०० | १०५,८८०.०० | २०८,८००.०० |
| २०९६/९७ | ९०,०००.०० | १७,५०५.०० | १०७,५०५.०० | ११८,८००.०० |
| २०९७/९८ | ११८,८००.०० | ७,४२५.०० | १२६,२२५.०० | - |
| **जम्मा** | **२,१५०,०००.००** | **२,०५७,६९९.०३** | **४,२०७,६९९.०३** | |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण ः**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः**

कम्पनीलाई तात्विक रुपमा असर पार्ने गरी हालसम्म कुनै प्रकारको विवाद, मुद्दा मामिला परेको छैन ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः** सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने ः** सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु ः** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया ः**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम माफर्त आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन् ।

**गुनासो सुन्ने अधिकारी ः**

नामः राम प्रसाद भट्टराई
इमेलः info@himalayancapital.com
फोन नंः ०१-५९७०६७५

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण ः** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण ः** हाल कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिने छ।

**ग.२१. अग्राधिकार शेयर निष्काशनसम्बन्धी ब्यवस्था ः** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी ः**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण ः**

प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि श्री एस.एस. ए. एसोसिएटस्, चार्टर्ड एकाउन्टन्टस् ले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तिय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरिन्छ भनी श्री एस.एस. ए. एसोसिएटस्, चार्टर्ड एकाउन्टन्टस् ले आफनो राय व्यक्त गर्नुभएको छ।

**(ख) गत तिन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए सो को कारणः**

संचालक श्री उमेश श्रेष्ठले मिति २०७८/ ०४/१० मा व्यक्तिगत कारणले राजिनामा दिनु भएको थियो । साथै मिति २०८०/०१/२३ गतेको बार्षिक साधारण सभाबाट पुनः संचालकमा नियुक्त हुनु भएको छ।

आ.ब. २०७९/८० सम्मका लेखा परिक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् को लेखा परिक्षण अवधी कम्पनी ऐनको दफा १११(३) बमोजिम समाप्त भई परिवर्तन गर्नुपर्ने भएको हुनाले आ.व. २०८०/८१ को लेखापरीक्षण कार्य गर्न लेखापरिक्षक बि लामा एसोसिएटस्, चार्टर्ड एकाउन्टेन्टस् लाई नियुक्त गरिएको छ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता ः**

कम्पनी सचिवको नामः श्री प्रविज्ञ प्रणव पन्थी
ठेगानाः चन्द्रागिरी न.पा.-१०, काठमाण्डौ ।
योग्यताः स्नातक, वि.कम (लेखा तथा वित्त) ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरण :** कम्पनीको मिति २०८०/१०/२५ गते बसेका संचालक समितिको बैठकले प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीको सार्वजनिक निष्काशन गर्ने निर्णय गरिएको छ।

यस कम्पनीको मिति २०८०/११/०४ गतेका दिन बसेको संचालक समितिको बैठको निर्णय तथा प्रबन्ध पत्रको दफा (६) बमोजिम सर्वसाधारण समूह ख लाई छुटयाइएको जारी पुँजीका ३५ प्रतिशतले हुने रकम रु. रु.२९,०५,००,०००/-(अक्षरेपी उनान्तीस करोड पाँच लाख मात्र) रकम बराबरको रु.१००/- अंकित दरका २९,०५,००० कित्ता साधारण शेयर मध्ये रु.१००/- अंकित दरका जम्मा ८,३०,००० कित्ता शेयरको ६५% अर्थात ५,३९,५०० कित्ता आयोजना अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला, बुंगल नगरपालिका वडा नं. ६ (साविक पिपलकोट गा.वि.स. वडा नं. ४, ५ र ७ ) र वडा नं. ७ (साविक कफल्सेरी गा.वि.स. वडा नं. १) का स्थानियवासीहरुलाई र ३५% अर्थात् २,९०,५०० कित्ता शेयर आयोजना सामान्य प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला, बुंगल नगरपालिका वडा नं. ६ र ७ बाहेक बाँकी रहेका सबै वडाका बासिन्दाहरुको लागि र बाँकी शेयर सर्वसाधारणमा जारी गर्ने तथा सो सम्बन्धि सम्पूर्ण कार्य गर्न गराउन कम्पनीका वित्त प्रवन्धक श्री प्रमोद आचार्यलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो। साथै, यसै निर्णय बमोजिम कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering - IPO) का लागि आवेदन दिन पाउने शेयर सिमा न्युनतम १० कित्ता र अधिकतम २०,००० कित्तासम्म सिमा निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

आयकर ऐनको दफा ११(३)(घ)(क) बमोजिम यस परियाजनाबाट प्राप्त हुने आयमा व्यावसायिक उत्पादन शुरु भएको मितिबाट १० वर्षसम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ। मिति २०८० भाद्र २ गते देखि व्यावसायिक उत्पादन शुरु भएको हुनाले आ.व. २०८०/८१ को छुट प्राप्त गरिसकेको कारणले अव उप्रान्त नौ आ.व. सम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट सुविधाको अवधि बाँकी रहेको छ।

च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१. कम्पनीको रजिष्टर्ड कार्यालय, ललितपुर, जिल्ला ललितपुर म.न.पा.- ३, धोविघाट, ललितपुर।
२. हिमालयन क्यापिटल लिमिटेड, का.म.न.पा वडा नं.२८, कमलादी, काठमाण्डौं।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने २९,०५,००० कित्ता साधारण शेयरहरु मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात ८,३०,००० कित्ता साधारण शेयर मध्ये ६५% अर्थात ५,३९,५०० कित्ता आयोजना अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला, बुंगल नगरपालिका वडा नं. ६ (साविक पिपलकोट गा.वि.स. वडा नं. ४,५ र ७) र वडा नं. ७ ( साविक कफल्सेरी गा.वि.स.वडा नं. १) का स्थानियवासीहरुलाई र ३५% अर्थात् २,९०,५०० कित्ता शेयर आयोजना सामान्य प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला, बुंगल नगरपालिका वडा नं. ६ र ७ बाहेक बाँकी रहेका सबै वडाका बासिन्दाहरुको लागि निष्काशन गरिने छ। आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधारणका लागि छुट्टाइएको २०,७५,००० कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात २,०७,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगारी गरी रहेका नेपालीहरुलाई, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात १,०३,७५० कित्ता तथा कम्पनीका कर्मचारीहरुलाई ३% अर्थात ६२,२५० कित्ता छुट्टाइएको र बाँकी रहेको १७,०१,५०० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिने छ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित अन्य ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने

कम्पनीको उदघोषण रहेको छ। कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व.२०८०/८१ सम्मको विवरणहरु पेश गरीएको हुनाले कम्पनी अद्यावधिक रहेको व्यहोरा उक्त कार्यालयको मिति २०८१/१०/०९ को निर्णयानुसार यस कम्पनीलाई आ.व २०८०/८१ सम्मको लागि अद्यावधिक गरिएको छ। साथै, आन्तरिक राजस्व विभाग बाट मिति २०८१/१० /०४ मा आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र लिइ सो वर्ष सम्मको कर विवरण अद्यावधिक गरिएको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण मध्ये स्वानीयबासिन्दाका लागि निष्काशन गरिको शेयर बिक्री गर्नको लागि तोकिए बमोजिमको संकलन केन्दहरु मार्फत तथा वैदेशिक रोजगारीमा रहेका नेपाली र सर्वसाधारणहरुका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तिय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ।

**(ट) क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :** यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, पुतलिसडक, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई मिति २०८१ माघ ०३ गते "CARE-NP B (Is) [Single B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । यो जनवरी १६, २०२५ मा सोहि रेटिङ्ग एजेन्सीबाट पुनर्पुष्ठि (Reaffirmed) भएको हो र यसको बैधता फेब्रुवरी ८, २०२६ सम्म रहनेछ। "[CARE-NP B (Is)" ले "Issuer with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal" भन्ने जनाउंछ । केयर रेटिङ्ग नेपाल लिमिटेडले [CARE-NP AAA (Is)] देखि [CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [CARE-NP AAA (Is)] ले (Issuer with this rating are considered to offer the highest degree of safety regarding timely servicing of financial obligation, in Nepal. such issuers carry lowest credit risk) जनाउँछ भने [CARE-NP D (Is)] ले (Issuers with this rating are in defult or are excepted to be in default soon) भन्ने जनाउँछ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यो विवरणपत्र तयार गर्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री-प्रवन्धक श्री हिमालयन क्यापिटल लिमिटेड, का.म.न.पा वडा नं.२८, कमलादी, काठमाण्डौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरू :**

१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको छ।
२. माथिल्लो सानीगाड जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न वीमा गरिएको छ।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको छ।
४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको छ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत् प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ। उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउनेगरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

**ग.२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठिक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पुर्ण रुपमा जिम्मेवार हुनेछौ भनि सही छाप गर्ने कम्पनीको संचालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शिव प्रसाद घिमिरे<br>(प्रतिनिधि : वरुण इन्भेष्टमेन्ट लि.) | अध्यक्ष | |
| २ | श्री खगेश्वर बोहरा<br>(प्रतिनिधि : शिव शंकर इन्भेष्टमेन्ट प्रा.लि) | संचालक | |
| ३ | श्री तिर्थ राज चटौत<br>(प्रतिनिधि : जय गणेश इन्भेष्टमेन्ट प्रा.लि) | संचालक | |
| ४ | श्री उमेश श्रेष्ठ<br>(प्रतिनिधि : बुङ्गगल हाइड्रो इन्भेष्टमेन्ट प्रा.लि) | संचालक | |
| ५ | राजेश कुमार श्रेष्ठ<br>(प्रतिनिधि : जलान्जली इन्भेष्टमेन्ट प्रा.लि.) | संचालक | |
| ६ | श्री बिरेन्द्र बहादुर मल्ल | संचालक | |

## ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

### निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)

मिति : २०८२/०२/१६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,,

ललितपुर लिल्ला, ललितपुर उ.म.न.पा.- ३, धोविघाट, ललितपुर रहेको बुंलग हाइड्रो लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागेको रु.१००/- अङ्कित दरका २९,०५,००० थान साधारण शेयरहरु निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।

४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा उल्लेख गरिएका सम्बन्धित कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

हिमालयन क्यापिटल लिमिटेडको तर्फबाट

नाम : राम प्रसाद भट्टराई

पदः प्रमुख संचालन अधिकृत

सही : ..................

कार्यालयको छाप :

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

PO Box: 4518, IT Plaza, Kamaladi, Kathmandu, Nepal | +977 01-5970675 | info@himalayancapital.com | www.himalayancapital.com
Merchant Banker Institution licensed by Securities Board of Nepal

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

SSA ASSOCIATES
CHARTERED ACCOUNTANTS

Naxal, Kathmandu, Nepal
+977-1-5359874
info@ssanepal.com
www.ssanepal.com

**श्री बुङ्गल हाइड्रो लिमिटेडको**
**सञ्चालक समिति समक्ष**
**श्री बुङ्गल हाइड्रो लिमिटेड व्यवस्थापनले तयार गरेको प्रक्षेपित वित्तीय विवरणमाथि**
**धितोपत्र निष्काशन तथा नियमावली २०७३ बमोजिमको प्रतिवेदन**

हामीले आ.व. २०८१/८२, २०८२/८३ , २०८३/८४, २०८४/८५ र २०८५/८६ को लागि व्यवस्थापनबाट तयार गरिएको प्रक्षेपित वित्तीय विवरणमाथि राय व्यक्त गर्ने सम्बन्धी प्रचलित लेखापरीक्षणमान (NSAE- 3400) अनुसार श्री बुङ्गल हाइड्रो लिमिटेड व्यवस्थापनले तयार गरेको प्रक्षेपित वित्तीय विवरण जाँच गरेका छौं ।

प्रक्षेपित वित्तीय विवरण तयार गर्दा प्रयोग भएका वित्तीय विवरणमा संलग्न उल्लिखित पूर्वधारणा (assumptions) लगायत प्रक्षेपित वित्तीय विवरण तयार गर्ने दायित्व श्री बुङ्गल हाइड्रो लिमिटेडको व्यवस्थापनमा रहेको छ । प्रस्तुत प्रक्षेपित वित्तीय विवरणहरु सर्वसाधारणमा पहिलो शेयर निष्काशन (IPO) गर्ने प्रयोजनका लागि कम्पनी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३ तथा धितोपत्र निष्काशन तथा नियमावली २०७३ को कानुनी परिपालना गर्ने सन्दर्भमा विवरणपत्र (prospectus) बनाउन व्यवस्थापनबाट तयार गरिएको हो । यस्तो प्रक्षेपित वित्तीय विवरण अन्य प्रयोजनको लागि प्रयोग गर्न उपयुक्त नहुन पनि सक्दछ ।

व्यवस्थापनले बनाएको पूर्वधारणालाई जाँच गर्दा प्राप्त तथ्य/प्रमाणको आधारमा:

1. आ.व. २०८१/८२, २०८२/८३ , २०८३/८४, २०८४/८५ र २०८५/८६ को प्रक्षेपित वित्तीय विवरण तयार गर्न प्रयोग भएका पूर्वधारणाहरु उचित छैनन् भन्ने लाग्ने गरी कुनै तथ्य/प्रमाणहरु हामीले फेला पार्न सकेनौं । त्यस्तै, हाम्रो रायमा प्रक्षेपित वित्तीय विवरण व्यवस्थापनले बनाएको पूर्वधारणामा आधारित छन् र यस्तो वित्तीय विवरण व्यवस्थापनको अनुमान (best estimate) पूर्वधारणाको आधारमा प्रस्तुत गरिएको छ ।

2. प्रस्तुत प्रक्षेपित वित्तीय विवरणसँग संलग्न आ.व. २०७८/७९ , २०७९/८० र २०८०/८१ को वित्तीय विवरणहरु कम्पनीको बाह्य लेखापरीक्षकले प्रमाणित गरेका विवरणहरु हुन् र ती आ.व. का लागि लेखापरीक्षित अंकहरु नै संलग्न विवरणमा समावेश गरिएका छन् ।

3. आ.व. २०८१/८२ तेश्रो त्रैमासिक सम्मको सन्दर्भमा ती विवरणहरु लेखापरीक्षण गरिएका वित्तीय विवरण नभएको र त्यस्ता विवरणहरु कम्पनीको वास्तविक कारोबारको आधारमा कम्पनी व्यवस्थापनले तयार गरी प्रमाणित गरेको आधारमा संलग्न गरिएको छ । संलग्न वित्तीय अंकहरुको यथार्थताको सन्दर्भमा छुट्टै लेखापरीक्षण गरिएको छैन, र व्यवस्थापनले प्रमाणित गरेको आधारमा प्रमाणित गरिन्छ ।

S.S.A. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU

4. आ.व. २०८१/८२, २०८२/८३ , २०८३/८४, २०८४/८५ र २०८५/८६ को प्रक्षेपित वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनले बनाएको पूर्वधारणाअनुरुपका घटनाहरु परिघटित भएको अवस्थामा पनि, त्यस्ता घटनाहरु प्रक्षेपणभन्दा फरक तरीकाले घट्न सक्ने कारण आगामी वर्षहरुमा प्राप्त हुने वास्तविक परिणाम प्रक्षेपणभन्दा सारभूतरुपमा फरक पर्न सक्दछ ।

S.S.A. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU

सिए. श्री कृष्ण थापा मगर
एस. एस. ए. एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स
मितिः २०८२/०२/०१
स्थानः नक्शाल, काठमाडौं ।

UDIN: **250515CA00924cYwqZ**

**SSA ASSOCIATES**
CHARTERED ACCOUNTANTS

Naxal, Kathmandu, Nepal
+977-1-5359874
info@ssanepal.com
www.ssanepal.com

**Independent Auditor's Review Report**

**To the Board of Directors of Bungal Hydro Limited**

**Report on the Interim Financial Statements**

We have reviewed the accompanying condensed interim financial statements of **Bungal Hydro Limited**, which comprise the condensed statement of financial position as at **Chiatra 31 2081**, and the related condensed statements of profit or loss and other comprehensive income, changes in equity and cash flows for the nine-month period then ended, and selected explanatory notes.

**Management's Responsibility**

Management is responsible for the preparation and fair presentation of these interim financial statements in accordance with **Nepal Accounting Standard, Interim Financial Reporting (NAS 34)**. This responsibility includes designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of interim financial statements that are free from material misstatement, whether due to fraud or error.

**Auditor's Responsibility**

Our responsibility is to express a conclusion on these interim financial statements based on our review. We conducted our review in accordance with **Nepal Standard on Review Engagements (NSRE) 2410**, *Review of Interim Financial Information Performed by the Independent Auditor of the Entity*. A review of interim financial information consists of making inquiries, primarily of persons responsible for financial and accounting matters, and applying analytical and other review procedures. A review is substantially less in scope than an audit conducted in accordance with **Nepal Standards on Auditing**, and consequently does not enable us to obtain assurance that we would become aware of all significant matters that might be identified in an audit. Accordingly, we do not express an audit opinion.

**Conclusion**

Based on our review, nothing has come to our attention that causes us to believe that the accompanying interim financial statements are not prepared, in all material respects, in accordance with **NAS 34, Interim Financial Reporting.**

S.S.A. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU

Shree Krishna Thapa Magar, FCA
SSA Associates
Chartered Accountants
2082.03.03
Naxal, Kathmandu
**UDIN: 250618CA00924re5mV**

# B. Lama Associates

*Chartered Accountants*

Dhapakhel-23, Lalitpur
Cell: +977 9840249773, +977 9820124631
Email: basantalama1@gmail.com


## INDEPENDENT AUDITORS REPORT

To,

Shareholders of

Bungal Hydro Limited

Kathmandu

### Report on the Audit of the Financial Statements for the FY 2080/81

### Opinion

We have audited the financial statements of Bungal Hydro Ltd., which comprise the Statement of Financial Position as at Ashad 31, 2081 and the statement of Profit or Loss and Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flows for the year ended, and Notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects the financial position of Bungal Hydro Limited as at Ashadh 31 2081 and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

### Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs), our responsibilities under those standards are further described in the Auditors Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the company in accordance with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

### *Emphasis of Matter*

We draw attention to Note 2.3 and Note 11 of the financial statements, which describes the change in the Company's accounting policy for the classification of assets under the scope of IFRIC 12 Service Concession Arrangements. During the year, the Company has classified certain assets previously recognized as Capital WIP to Intangible Assets Under Construction. This change is in accordance with IFRIC 12 and reflects the Company's right to charge users for services rendered through the assets.

As disclosed in Note 2.3 and Note 11, the reclassification has resulted in the recognition of a notional profit for the construction phase of the service concession arrangement, which has been included in retained earnings.

Our opinion is not modified in respect of this matter.

B. Lama Associates, Lalitpur, Chartered Accountants

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the standalone financial statements for the year ended Ashad 31, 2081. These matters were addressed in the context of our audit of the financial statements, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. We have determined the matter described below to be the key audit matters to be communicated in our report. We have fulfilled the responsibilities described in the 'Auditor's Responsibilities for the Audit of the Financial Statements' section of our report, including in relation to these matters. Accordingly, our audit included the performance of procedures designed to respond to our assessment of the risks of material misstatement of the financial statements. The results of our audit procedures, including the procedures performed to address the matters below, provide the basis for our audit opinion on the accompanying financial statements.

| Key Audit Matter | How our audit addressed the key audit matter |
|---|---|
| **Long-Term and Short-Term Borrowings** | |
| As on Ashadh 31 2081, the Long-Term and Short-Term Borrowings is Rs. 2,118,381,021 and 285,675,753 respectively which is 66% and 9% of the total Assets of the current fiscal year. | • We confirmed that any new borrowings were taken during the current fiscal year.<br>• We reviewed all loan repayment through bank statements.<br>• We also obtained balance confirmation as on Ashadh 31 2081 from the respective banks to verify the Loan as per ledger is tallying with Borrowing balance shown by the banks. |

**Information other than the Financial Statements and Auditor's Report thereon**

The Board of Directors are responsible for the other information. The other information comprises the information included in the Report of the Board of Directors (BOD), including annexures to the BOD's Report, but does not include the financial statements and our auditor's report thereon. Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon. In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Managements is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Accounting Standards, and for such internal control as management determines are necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error. In preparing the financial statements, management is responsible for assessing the company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so. Those charges with governance are responsible for overseeing the company's financial reporting process.

B. Lama Associates, Lalitpur, Chartered Accountants

**Auditors Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists.

Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

**Report on Other Legal and Regulatory Requirements**

a. We have obtained prompt replies to our queries and explanations asked for.

B. Lama Associates Lalitpur Chartered Accountants

b. The financial statements are in agreement with the books of accounts maintained by the company.
c. The accounts and records of the company have been accurately maintained in accordance with the law and practice.
d. In our opinion and to the best of our information and according to the explanation given to us, the Board of Directors, the representative or any employee of the Company has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the Company deliberately or acted in a manner that would jeopardized the interest and security of the company except for the section 86 of the Companies Act and the business of the Company appears to have been conducted satisfactorily.

B. Lama Associates Lalitpur Chartered Accountants

Basanta

Address: Kathmandu

Date: 19 December 2024

**Basanta Lama, CA**

Proprietor, B. Lama Associates

Chartered Accountants

UDIN No: 241219CA02057hGHeg

COP No: - 1389